# मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड)
## FOHRID, Human Rights and Democratic Forum
१९६/१४, राधेमार्ग, डिल्लीबजार, काठमाडौं
पो.ब.नं. १९१८६
फोन : +९७७ १ ४४ २३ १२५, फ्याक्स : +९७७ १ ४४ ३८ ८१२
ई-मेल : fohrid@wlink.com.np
वेवसाईट : www.fohrid.org.np

# दिगो जिविकाको अधिकार
# (Right to Sustainable Livelihood)

**क. शिक्षाको अधिकार :**

प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार छ । शिक्षा कममा पनि प्रारम्भिक तथा आधारभूत अवस्थामा निःशुल्क हुनेछ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ । प्राविधिक तथा व्यावसायिक शिक्षा सर्वसुलभ हुनेछ र उच्चत्तर शिक्षामा योग्यताका आधारमा सबैलाई समान पहुँच हुनेछ ।

मानिसको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रतालाई सुदृढ गर्नेतर्फ शिक्षा निर्देशित हुनेछ । यसले राष्ट्र, जाति र धार्मिक समूहहरुका बीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको प्रबर्द्धन गर्नेछ तथा शान्ति कायम गर्न संयुक्त राष्ट्र संघका कार्यकलापहरुलाई अघि बढाउनेछ । (यूडीएचआरः २६)

यस अनुबन्धका राज्यपक्ष प्रत्येक व्यक्तिको शिक्षाको अधिकारलाई स्वीकार गर्दछन् । मानवीय व्यक्तित्व तथा त्यसको प्रतिष्ठातर्फ शिक्षा निर्देशित हुनेछ एवं शिक्षाले मानव अधिकार तथा मौलिक स्वतन्त्रताप्रति सम्मान सुदृढ गर्नेछ भन्ने कुरामा उनीहरु सहमत हुनेछन् । स्वतन्त्र समाजमा प्रभावकारी सहभागित्व, सम्पूर्ण राष्ट्र तथा जातीय, जानजातीय अथवा धार्मिक समूहबीच सहनशीलता, मैत्री तथा समभ्कदारी प्रबर्द्धन गर्न तथा शान्ति कायम गर्ने संयुक्त राष्ट्र संघीय क्रियाकलापलाई अघि बढाउन शिक्षाले सम्पूर्ण व्यक्तिलाई योग्य तुल्याउँछ भन्ने कुरामा पनि उनीहरु सहमत छन् । (आईसीसीएससीआर : १३.१)

शिक्षाको क्षेत्रमा पुरुष सरहको अधिकार नारीलाई सुनिश्चित गर्न र पुरुष र नारीहरुको समानताको आधारमा खासगरी निम्न कुरा सुनिश्चित गर्न राज्यपक्षहरुले नारी विरुद्धको भेद निर्मूलन गर्न सबै उचित उपायहरु अवलम्बन गर्ने छन् ।

अध्ययन गर्ने र उपाधि पाउने अधिकार, सबै प्रकारका व्यवसायिक प्रशिक्षणको अधिकार, समान भौतिक सुविधाको शैक्षिक अधिकार, छात्रवृत्ति सम्बन्धमा अधिकार, पढाइ छोड्ने छात्राहरुको सक्रियरुपमा शैक्षिक कार्यक्रममा सहभागी हुन पाउने अधिकार, खेलकुद तथा शारीरिक शिक्षामा भाग लिन पाउने समान अवसरको अधिकार, परिवार नियोजन सम्बन्धी सूचना सल्लाहलगायत परिवारको स्वास्थ्य तथा समृद्धि सुनिश्चित गर्न सहायक हुने शैक्षिक जानकारी पाउने अधिकार । (सीइएडीडब्लू: १०)

शिक्षा र तालिम सम्बन्धी अधिकार (आइसीइआरडीः ५(ङ):iv)

बालबालिकाको शिक्षाको अधिकारलाई राज्यपक्षहरु स्वीकार गर्छन् र समान अवसरको आधारमा यस अधिकारको क्रमिक प्राप्तिका लागि विशेष गरी देहायको व्यवस्था गर्नेछन् :

प्राथमिक शिक्षालाई अनिवार्य गर्ने र सबैलाई निःशुल्क उपलब्ध गराउने, साधारण तथा व्यवसायिक शिक्षा सहित विविध प्रकारका माध्यामिक शिक्षाको विकासलाई प्रोत्साहित गर्ने, प्रत्येक बालबालिकालाई त्यस्तो शिक्षा उपलब्ध गराउने र पुऱ्याउने, तथा निःशुल्क शिक्षा आरम्भ गर्ने र आवश्यकता परेमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता उचित उपायहरु गर्ने, प्रत्येक उचित साधनहरुद्वारा सबैको निम्ति क्षमताको आधारमा उच्च शिक्षा प्राप्त हुनसक्ने गराउने, सम्पूर्ण बालबालिकाहरुलाई शैक्षिक र व्यवसायिक जानकारी र मार्गदर्शन उपलब्ध गराउने र पुऱ्याउने, विद्यालयहरुमा नियमित हाजिरीलाई प्रोत्साहित गर्न तथा पढाई छोड्नेहरुको संख्या घटाउन विभिन्न उपायहरु गर्ने, (सीआरसीः २८)

प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउनेछन् । (नेअसः १८ः २)

महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अकिाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ । राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरुको हक र हितको रक्षा आवश्यक व्यवस्था गर्नेछ र निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जानेछ । राज्यले अनाथ बालबालिका, असहाय महिला, वृद्ध, अपांग र अशक्तहरुको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ । शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रुपले पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ । (नेअसः २६ :७,८,९,१०)

**ख. जीविकाका लागि स्वास्थ्यको अधिकार :**

खाद्यान्न, कपडा, आवास तथा चिकित्सागत सेवा एवं आवश्यक सामाजिक सेवाहरु तथा बेरोजगारी, बिरामी, असमर्थता, विधवावस्था, बृद्धावस्था अथवा आफ्नो नियन्त्रणभन्दा बाहिरको परिस्थितिमा जीवन धान्ने उपायको अभावमा सुरक्षाको अधिकारसमेत प्रत्येक व्यक्तिको आफू र आफ्नो परिवारको स्वास्थ्य एवं कल्याणको लागि पर्याप्त जीवनस्तरको अधिकार छ । (यूडीएचआरः २५:१)

यस अनुबन्धका राज्यपक्ष प्रत्येक व्यक्तिको उच्चतम स्तरमा उपभोग गर्न सकिने शारीरिक एवं मानसिक स्वास्थ्यको अधिकार स्वीकार गर्दछन् । यस अधिकारको पूर्ण प्राप्तिका लागि यस अनुबन्धका राज्यपक्षले सार्ने पाइलामा निम्न आवश्यक कुरा पनि समावेश हुनेछन् :-

जन्मँदै मृतशिशु संख्या तथा शिशु मृत्युदर घटाउन शिशुको स्वस्थ्य विकसको व्यवस्था; वातावरणीय तथा औद्योगिक शुद्धता तथा सफाई अवस्थाका सम्पूर्ण पक्षमा सुधार; प्रकोप, महामारी, पेशागत तथा अन्य रोगको पूर्वरोक, उपचार तथा नियन्त्रण; बिरामी अवस्थामा सबैलाई चिकित्सागत सेवा तथा हेरचाह सुनिश्चित गर्ने अवस्थाको सृजना (आइसीसीएससीआरः १२::१:२)

पुरुष र नारीहरुको समानताको आधारमा परिवार नियोजनसँग सम्बन्धित समेतका स्वास्थ्य हेरचाह सेवाप्रतिको पहुँचलाई सुनिश्चित गर्ने क्रममा स्वास्थ्यको क्षेत्रमा नारी विरुद्धको भेदलाई निर्मूलन गर्न राज्यपक्षले सबै उचित उपायहरु अपनाउनेछन् । यस धाराको प्रकरण १ मा जेसुकै व्यवस्था गर्भवती, प्रसूती र प्रसूती पश्चातको अवधिका सम्बन्धमा राज्यपक्षले नारीहरुलाई आवश्यक स्थानमा निःशुल्क सेवाका साथै गर्भवती र दूध ख्वाउने अवधिमा पर्याप्त खुराक प्रदान गरेर उचित सेवा सुनिश्चित गर्नेछन् । (सीइएडीडब्लू: १२)

राज्यपक्षहरुले बालबालिकाको उच्चतम स्तरको स्वास्थय कायम राख्ने र विरामीको लागि उपचार गर्न पाउने सुविधा र स्वास्थ्यको पुनर्लाभ गर्न पाउने अधिकारलाई स्वीकार गर्नेछन् । कुनै पनि बालबालिकाले यस्तो स्वास्थ्य स्याहार सेवाहरु पाउने अधिकारबाट बञ्चित हुन नपरोस् भनी सुनिश्चित गर्न राज्यपक्षहरुले सक्दो प्रयास गर्नेछन् । राज्यपक्षहरु इस अधिकारको पूर्ण कार्यानवयन गर्नेतिर लाग्नेछन् र विशेषतः निम्न कुराका लागि उचित उपायहरु अवलम्बन गर्नेछनः-

शिशु तथा बाल मृत्युदर घटाउने; प्राथमिक स्वास्थ्य स्याहारको विकासमा जोड दिँदै सम्पूर्ण बालबालिकाहरुलाई दिइने आवश्यक औषधोपचार सहयोग र स्वास्थ्य स्याहारको व्यवस्था निश्चित गर्ने; वातावरणीय प्रदूषणाबाट हुने खतरा र जोखिमहरुलाई मध्य नजर राख्दै प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र रही अन्य कुराको साथै सहज रुपमा उपलब्ध प्रविधिको प्रयोगद्वारा तथा पर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्थाद्वारा रोग र कुपोषणको विरुद्ध लड्ने; आमाहरुको निम्ति पूर्व प्रसूति तथा पश्चातका उचित सेवाहरु सुनिश्चित गर्ने; समाजको प्रत्येक क्षेत्रमा, खासगरी बाबु आमा र बालबालिकाहरुलाई बाल स्वास्थ्य र पोषणको आधारभूत ज्ञान, स्तनपानको उपयोगिता, सरसफाई र वातावरणीय सुरक्षाका फाइदाहरु र आकस्मिक घटनाको पूर्वरोकबारे जानकारी दिइएको छ, शिक्षा उपलब्ध छ तथा यस कार्यमा सहयोग पुऱ्याइएको छ भन्ने कुरा सुनिश्चित गर्ने; निवारक स्वास्थ्य स्याहार, बाबुआमाको लागि सरसल्लाह र परिवार नियोजन सम्बन्धी शिक्षा र सेवाहरुको विकास गर्ने ।

राज्यपक्षहरुले बालबालिकाहरुको स्वास्थ्यलाई हानी पुऱ्याउने खालका परम्परागत व्यवहारहरुलाई निर्मूल गर्ने उद्देश्यले सम्पूर्ण प्रभावशाली र उचित कदमहरु चाल्नेछन् । राज्यपक्षहरु यस धारामा मान्यता दिइएको अधिकारलाई पूर्ण रुपमा लागू गर्न अन्तर्राष्ट्रिय सहयोगलाई सम्बर्द्धन र प्रोत्साहन गर्न प्रतिज्ञा गर्छन् । यस सन्दर्भमा विकासोन्मुख देशहरुको आवश्यकताका बारेमा विशेष रुपमा विचार गरिनेछ । (सीआरसीः २४)

महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अकिाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ । राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरुको हक र हितको रक्षा आवश्यक व्यवस्था गर्नेछ र निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जानेछ । राज्यले अनाथ बालबालिका, असहाय महिला, वृद्ध, अपांग र अशक्तहरुको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ । शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रुपले पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ । (नेअसः २६ :७,८,९,१०)

**ग. खाना, कपडा र आवास सहित आधारभूत आवश्यकतामा पहुँचको अधिकार :**

खाद्यान्न, कपडा, आवास तथा चिकित्सागत सेवा एवं आवश्यक सामाजिक सेवाहरु तथा बेरोजगारी, बिरामी, असमर्थता, विधवावस्था, बृद्धावस्था अथवा आफ्नो नियन्त्रणभन्दा बाहिरको परिस्थितिमा जीवन धान्ने उपायको अभावमा सुरक्षाको अधिकारसमेत प्रत्येक व्यक्तिको आफू र आफ्नो परिवारको स्वास्थ्य एवं कल्याणको लागि पर्याप्त जीवनस्तरको अधिकार छ । ( यूडीएचआरः २५:१)

पर्याप्त भोजन, लुगा तथा आवास समेत प्रत्येक व्यक्तिको आफू स्वयं तथा आफ्नो परिवारको पर्याप्त जीवनस्तर एवं जीवनका अवस्थामा निरन्तर सुधारको अधिकारलाई यस अनुबन्धका राज्यपक्ष स्वीकार गर्दछन् । राज्यपक्षले स्वतन्त्र मञ्जुरीमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उचित पाइला सार्नेछन् । भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मूलभूत अधिकार स्वीकार गर्दै यस अनुबन्धका राज्यपक्षले व्यक्तिगत रुपमा तथा अन्तर्राष्ट्रिय सहयोगमा निम्न कुराका लागि आवश्यक उपाय तथा तोकिएका कार्यक्रम समेत अवलम्बन गर्नेछन् -

प्राविधिक अथवा वैज्ञानिक ज्ञानको पूर्ण उपयोगबाट पोषणसिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक सम्पदामा साह्रै प्रभावकारी विकास तथा उपयोग प्राप्त गर्ने किसिमबाट कृषि व्यवस्थाको विकास अथवा सुधार गरी खाद्यान्नको उत्पादन, संचय एवं वितरणको तरीकामा सुधार गर्ने; खाद्यान्न आयात तथा निर्यातकर्ता देश दुबैका समस्यामा ध्यान दिँदै आवश्यकता हेरी विश्वको खाद्यान्न पूर्तिको समान वितरण सुनिश्चित गर्ने; (आइसीसीएससीआरः ११)

घरबासको अधिकार (आइसीइआरडी ५(ङ) (iii))

बालबालिकाको सर्वोतम् हितका लागि निजलाई बाबुआमाबाट अलग राख्नु आवश्यक छ भन्ने कुरा सम्बन्धित कानून र कार्यविधि अनुरुप सक्षम अधिकारीहरुले न्यायिक पुनरावलोकन हुने गरी निर्धारण गरेमा बाहेक कुनै पनि बालबालिकालाई बाबुआमाको इच्छा विरुद्ध अलग नगरिने कुरा राज्यपक्षहरुले सुनिश्चित गर्नेछन् । (आमा-बाबुसँग बसोवास गर्ने अधिकार) बालबालिकालाई यस प्रकारले अलग राख्ने निर्णय खास गरेर कुनै बालबालिका आफ्नो आमाबाबुबाट दुर्व्यवहार र उपेक्षित भएमा वा आमाबाबु छुट्टिएर बसोबास गरेमा र त्यस्तो अवस्थामा बालबालिकाको बासस्थानको निधो गर्नुपर्ने भएमा मात्र आवश्यक हुनेछ । प्रकरण १ मा उल्लेखित कुनै पनि कारवाहीमा सरोकारवालालाई सहभागी हुने र आफ्नो कुरा भन्ने अवसर प्रदान गरिनेछ ।

बालबालिकाको सर्वोत्तम हितमा प्रतिकूल असर पर्ने स्थितिमा बाहेक आफ्नो बाबु वा आमा वा दुवैबाट अलग गरिएका बालबालिकाले बाबु आमासँग नियमित रुपमा व्यक्तिगत सम्पर्क र प्रत्यक्ष भेटघाट गर्न पाउने उनीहरुको अधिकारलाई राज्यपक्षहरुले मान्यता दिनेछन् ।

राज्यपक्षहरुबाट उठाइएका कुनै कारवाही जस्तो कि बाबु वा आमा वा दुवै वा बालबालिकाको थुनाइ, कैद, निर्वासन, देश निकाला वा मृत्यु दण्डको कारणले (कुनै व्यक्ति राज्यको हिरासतमा रहँदा हुन गएको कुनै प्रकारको मृत्यु लगायत) गर्दा यस प्रकारको बिछोड भएमा त्यस्तो राज्यपक्षले सम्बन्धित आमाबाबु वा बालबालिका वा उपयुक्त देखिएमा परिवारको कुनै सदस्यको अनुरोधमा बालबालिकाको हितमा विपरीत असर पर्ने अवस्थामा बाहेक परिवारको त्यस्तो अनुपस्थिति सदस्यको अवस्थाको सम्बन्धमा आवश्यक तथ्यगत जानकारी दिने व्यवस्था गर्नेछ । यस प्रकारको अनुरोध गरिएको कारणले गर्दा सम्बन्धित व्यक्तिहरुको विरुद्ध कुनै प्रतिकूल असर पर्नेछैन भनी राज्यपक्षहरु सुनिश्चित गर्नेछन् । (सीआरसीः ९)

**घ. सम्पत्तिको अधिकार :**

प्रत्येक व्यक्तिलाई एक्लै वा अरुसँग मिलेर आफ्नो सम्पत्ति राख्ने अधिकार हुनेछ । कसैलाई पनि स्वेच्छाचारी किसिमले आफ्नो सम्पत्तिबाट बञ्चित गरिने छैन । (यूडीएचआरः १७)

सम्पत्तिको हक : सबै नागरिकलाई प्रचलित कानूनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ । सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा दिनुपर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारित गरिए बमोजिम हुनेछ । (नेअसं : १७)

एक्लै तथा अरुसँग मिली सम्पत्ति आर्जन गर्ने अधिकार । पुस्तौनी सम्पत्ति पाउने अधिकार । (आइसीइआरडीः ५:घ(५,६))

**ङ. सामाजिक, आर्थिक र सांस्कृतिक विकासकालागि आत्मनिर्णयको अधिकार :**

सम्पूर्ण जनजातिको स्वनिर्णयको अधिकार छ । त्यस अधिकारको कारणबाट नै उनीहरु आफ्ना राजनैतिक अधिस्थान स्वतन्त्रतापूर्वक निर्धारण गर्दछन् एवं स्वतन्त्रतापूर्वक आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासलाई अघि बढाउँदै जान्छन् । पारस्परिक फाइदाका सिद्धान्त तथा राष्ट्रिय कानूनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न हुने दायित्वलाई कुनै दुराग्रह नराखी सम्पूर्ण जनजातिले आफ्ना लक्ष्यका लागि आफ्ना प्राकृतिक धन एवं सम्पदा स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्नेछन् । कुनै जनजातिलाई कुनै अवस्थामा पनि आफ्नो जीवन धान्ने उपायबाट बञ्चित गरिनेछैन । यस अनुबन्धका राज्यपक्ष एवं अस्वशासनीय तथा सुम्पिइएका इलाकाको प्रशासनिक उत्तरदायित्व भएका समेतले स्वनिर्णयको अधिकारको प्राप्तिको प्रवर्द्धन गर्नेछन् तथा संयुक्त राष्ट्र संघको बडापत्रका व्यवस्था अनुरुप उक्त अधिकारको सम्मान गर्नेछन् । (आइसीसीपीआर र आइसीसीएससीआर : १:१)

स्वनिर्णय गर्ने जनजातिको अधिकारमा आधारित राष्ट्रिय स्वतन्त्रता (सामाजिक उन्नति एवं विकास सम्बन्धी घोषणापत्र, ३:क)

**च. प्राकृतिक सम्पदामाथि स्वामित्व, उपभोग, व्यवस्थापन वा तिनको विकासमा पहुँचको अधिकार :**

सम्पूर्ण जनजातिका आफ्ना प्राकृतिक धन एवं सम्पदाको पूर्ण एवं स्वतन्त्रतापूर्वक उपभोग तथा प्रयोग गर्ने अन्तर्निहित अधिकारलाई कमजोर पार्नेगरी यस अनुबन्धको कुनै कुराको पनि व्यख्या गरिनेछैन । (आईसीइएचसीआरः २५)

सम्पूर्ण जनजातिका आफ्ना प्राकृतिक धन एवं सम्पदा पूर्णतः तथा स्वतन्त्रतापूर्वक उपभोग तथा उपयोग गर्ने अन्तर्निहित अधिकारलाई बिगार्ने गरी यस अनुबन्धका कुनै कुराको पनि व्याख्या गरिनेछैन । (आइसीसीपीआरः४७)

विकास सम्बन्धी मानव अधिकारले जनजातिको स्वनिर्णयको अधिकारको पूर्ण प्राप्तिलाई समेत जनाउँछ जसमा मानव अधिकार सम्बन्धी दुवै अन्तर्राष्ट्रिय अनुबन्धका आवश्यक व्यवस्थाहरु अन्तरगत जनजातिको प्राकृतिक सम्पत्ति र स्रोतमाथि पूर्ण सार्वभौमिकत्व अभ्यास गर्ने तिनको अविच्छेद्य अधिकार समावेश हुन्छ । (विकासको अधिकार सम्बन्धी घोषणापत्र, धारा १:२)

आफ्नो प्राकृतिक धन एवं सम्पदामाथि प्रत्येक राष्ट्रको स्थायी सार्वभौमिकत्व; तिनीहरुका सम्बन्धमा प्रत्येक राज्यको अधिकार र उत्तरदायित्व, सामाजिक विकासका आफ्ना उद्देश्यहरु प्रत्येक राष्ट्र तथा जनजातिले स्वतन्त्रतापूर्वक निर्धारण गर्ने, आफ्ना प्राथकिताहरु तोक्ने र राष्ट्र संघीय बडापत्रका सिद्धान्तहरुसँग तादाम्य हुनेगरी कुनै बाह्य हस्तक्षेप विना तिनको प्राप्तिमा साधन र विधि आफैं सुनिश्चित गर्ने । (सामाजिक उन्नति एवं विकास सम्बन्धी घोषणापत्र, ३(घ,ङ))

प्राकृतिक स्रोतहरुमाथि स्थायी सार्वभौमिकत्व विषयक आयोगको स्थापना गऱ्यो र त्यसलाई आत्मनिर्णयको अधिकारको आधारभूत विधानको रुपमा प्राकृतिक सम्पदा र स्रोतहरुमाथि स्थायी सार्वभौमिकत्वको अधिस्थानको पूर्ण सर्वेक्षण आवश्यक स्थानमा सिफारिश सहित भएको सुदृढीकरणका लागि सञ्चालन गर्न निर्देशन दियो र जनजाति तथा राष्ट्रहरुको आफ्ना प्राकृतिक सम्पदा र स्रोतहरुमाथि स्थायी सार्वभौमिकत्वको अधिस्थानबारेको पूर्ण सर्वेक्षण सञ्चालनमा अन्तर्राष्ट्रिय कानून अन्तरगत राज्यहरुको अधिकार र कर्तव्य तथा विकासशील देशहरुको आर्थिक विकासमा अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन दिने महत्वलाई उचित ध्यान दिइनु पर्छ भन्ने कुराको पनि निर्णय गरेको कुरालाई मनन गर्दै, (प्राकृतिक स्रोतमा स्थायी सार्वभौकित्व सम्बन्धी १४ डिसेम्बर १९६२ को साधारण सभा प्रस्ताव १८०३(१७), अनु.२)

आफ्ना प्राकृतिक सम्पदा र स्रोतहरुमाथिको स्थायी सार्वभौमिकत्वको जनजाति र राष्ट्रको अधिकार आफ्नो राष्ट्रिय विकास तथा सम्बन्धित राज्यका मानिसको कल्याणको हितका लागि व्यवहार गरिनु पर्छ । (प्राकृतिक स्रोतमा स्थायी सार्वभौकित्व सम्बन्धी १४ डिसेम्बर १९६२ को साधारण सभा प्रस्ताव १८०३(१७), नं. १)

**छ. विकासको अधिकार :**

विकासमा मानिसहरुको सक्रिय, स्वतन्त्र र सार्थक सहभागिता र त्यसबाट प्राप्त हुने लाभको वितरणमा स्वच्छता ल्याउन तिनको सहभागिताको आधारमा सम्पूर्ण जनता र व्यक्तिको कल्याण निरन्तर अभिवृद्धि गर्नेतिर लक्षित विकास कार्य एक वृहत् आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक प्रक्रिया हो भन्ने कुरालाई मान्दै, मानिस नै विकास प्रक्रियाको मुख्य विषय हो र त्यसैले विकास नीतिले मानिसलाई नै मुख्य सहभागी र विकासको फलभोगी बनाउनुपर्छ भन्ने कुरालाई मान्यता दिँदै,

मानव अधिकारको प्रवर्द्धन तथा सुरक्षार्थ अन्तर्राष्ट्रिय स्तरबाट हुने प्रयासमा नयाँ अन्तर्राष्ट्रिय आर्थिक प्रणालीको स्थापनार्थ गरिएका प्रयासहरुले पछ्याउनुपर्छ भन्ने कुराप्रति सचेत हुँदै, विकास अधिकार मानव अधिकारबाट अविच्छेद्य छ र विकासका

निमित्त अवसरको समानता राष्ट्र र राष्ट्रको निर्माण गर्ने व्यक्ति दुवैको अग्राधिकार हो भन्ने कुरालाई पुष्टि गर्दै, (विकासको अधिकार सम्बन्धी घोषणापत्र : प्रस्तावनाबाट)

विकासप्रतिको अधिकार मानव अधिकारबाट अविच्छेद्य छ जसको कारणले प्रत्येक व्यक्ति तथा सम्पूर्ण जनजातिले आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक विकासमा सहभागी हुने, योगदान गर्ने र तिनलाई उपभोग गर्न पाउनेछन् जसबाट सम्पूर्ण मानव अधिकार र आधारभूत स्वतन्त्रताको पूर्ण प्राप्ति हुनसक्छ । (विकासको अधिकार सम्बन्धी घोषणापत्र : १:१)

विकास सम्बन्धी मानव अधिकारले जनजातिको स्वनिर्णयको अधिकारको पूर्ण प्राप्तिलाई समेत जनाउँछ जसमा मानव अधिकार सम्बन्धी दुवै अन्तर्राष्ट्रिय अनुबन्धका आवश्यक व्यवस्थाहरु अन्तरगत जनजातिको प्राकृतिक सम्पत्ति र स्रोतमाथि पूर्ण सार्वभोकित्व अभ्यास गर्ने तिनको अविच्छेद्य अधिकार समावेश हुन्छ । (विकासको अधिकार सम्बन्धी घोषणापत्र : १:२)

विकासको अधिकारको प्राप्तिका लागि राज्यहरुले राष्ट्रिय स्तरमा सबै आवश्यक उपायहरु अवलम्बन गर्नेछन् र यसका साथै आधारभूत स्रोत, शिक्षा, स्वास्थ्य सेवा, गाँस, बास, रोजगारी र आयको स्वच्छ वितरणमा सबैलाई समान अवसरको पहुँच सुनिश्चित गर्नेछन् । विकास प्रक्रियामा नारीहरुले सक्रिय भूमिका प्राप्त गरेको कुरा सुनिश्चित गर्न प्रभावकारी उपायहरु गर्नुपर्नेछ । सम्पूर्ण सामाजिक अन्यायहरुलाई निर्मूल गर्ने उद्देश्यले उचित आर्थिक एवं सामाजिक सुधारलाई कार्यान्वयन गरिनु पर्नेछ ।

विकासको महत्वपूर्ण रुपमा तथा सम्पूर्ण मानव अधिकारको पूर्ण प्राप्तिका लागि राज्यहरुले सम्पूर्ण क्षेत्रमा जनसहभागित्वलाई प्रोत्साहन दिनुपर्दछ । (विकासको अधिकार सम्बन्धी घोषणापत्र : ८:१,२)

**ज. काम र रोजगारीको अधिकार :**

प्रत्येक व्यक्तिलाई आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्ने समान अधिकार छ । (युडीएचआर :२१:२)
प्रत्येक व्यक्तिलाई कार्य गर्ने, रोजगारीको स्वतन्त्र छनौट, उचित एवं सुहाउँदो कार्य अवस्थाको तथा बेरोजगारी विरुद्ध सुरक्षाको अधिकार छ ।

प्रत्येक व्यक्तिको बिना भेद समान कार्यका लागि समान तलब पाउने अधिकार छ ।
कार्य गर्ने प्रत्येक व्यक्तिको आफू तथा आफ्ना परिवारका लागि मानव सम्मानयुक्त जीवन सुनिश्चित गर्न उचित एवं सुहाउँदो पारिश्रमिक पाउने अधिकार छ तथा यसलाई आवश्यक भएमा अन्य सामाजिक सुरक्षा-उपायद्वारा थप्न सकिनेछ । (युडीएचआर :२३:१,२,३)

यस अनुबन्धका राज्यपक्ष आफूले स्वतन्त्रतापूर्वक छानेको अथवा स्वीकार गरेको कुनै कार्यबाट आफ्नो जीवन धान्न सक्ने मौकाको अधिकार समेत प्रत्येक व्यक्तिको कार्य गर्ने अधिकार स्वीकार गर्छन् तथा तिनले उक्त अधिकारलाई सुरक्ष ागर्न पाइला सार्नेछन् ।

यस अधिकारको पूर्ण प्राप्तिको निमित्त प्राविधिक तथा व्यवसायिक निर्देशन तथा प्रशिक्षण कार्यक्रम, निरन्तर आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास प्राप्त गर्ने नीति तथा प्रविधि एवं व्यक्तिको मौलिक राजनैतिक तथा आर्थिक स्वतन्त्रता सुरक्षा गर्ने अवस्थामा पूर्ण तथा उत्पादनशील रोजगारी यस अनुबन्धको लागि कुनै राज्यपक्षले सार्ने पाइलामा समावेश हुनेछन् । ( आइसीसीएचसीआर: ६)

पुरुष र नारीको समानताका आधारमा समान अधिकार सुनिश्चित गर्ने क्रममा रोजगारीका क्षेत्रमा नारी विरुद्धको भेद निर्मूलन गर्न राज्यपक्षहरु सबै उचित उपायहरु गर्नेछन् । महिलालाई पनि पुरुष सरह रोजगारी सम्बन्धी देहायका अधिकारहरु प्रदान गरेको छ :-

- रोजगारीमा समान अवसरको अधिकार,
- रोजगारीको स्वतन्त्ररुपमा चयन गर्न पाउने अधिकार,
- सेवाका शर्त र सुरक्षासम्बन्धी अधिकार,
- समान पारिश्रमिक तथा सुविधाको अधिकार, यस्तै यस धाराले विवाह वा मातृत्वका आधारमा महिला विरुद्ध हुने भेदभाव विरुद्ध देहायका अधिकारहरु प्रदान गरेको छ ।
- पूरा तलब सहितको प्रसूति बिदाको अधिकार,
- गर्भवती भएको आधारमा पदच्युत गर्न नपाउने अधिकार,
- बाल स्याहार सुविधा प्रणालीको उपभोगको अधिकार,
- गर्भवती महिलालाई हानिकारक काममा लगाउन नपाउने अधिकार । (सीइएडीडब्लू: ११)

कार्य, रोजगारको छनौट गर्ने स्वतन्त्रता, कार्यको उपयुक्त र उचित अवस्था, रोजगारी विरुद्ध सुरक्षा, समान कार्यको लागि समान तलब, उपयुक्त एवं उचित पारिश्रमिक सम्बन्धी अधिकार । (आइसीइआरडी: ५:ङ:१)

कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता । (ने.अ.सं. १२:२:ङ)

**झ. आर्थिक, सामाजिक तथा अन्य प्रकारका शोषणबाट सुरक्षा वा मुक्ति पाउने अधिकार:**

पितृत्व एवं मातृत्व अथवा अन्य अवस्थाका कारणबाट बिनाभेद सम्पूर्ण बालबालिका तथा किशोरहरुका लागि सुरक्षा एवं सहायताका विशेष उपाय गरिनु पर्दछ । आर्थिक एवं सामाजिक शोषणबाट बालबालिका तथा किशोरहरुको रक्षा गरिनुपर्दछ । तिनका नैतिकता अथवा स्वास्थ्यलाई हानिकारक अथवा जीवनलाई खतरापूर्ण हुने अथवा तिनका सामान्य विकासलाई कुण्ठित पार्न सक्ने रोजगारकार्यलाई कानूनतः दण्डनीय बनाइनु पर्दछ । राज्यहरुले उमेरको हद पनि तोक्नु पर्दछ जसका मुनि तलबी-बालश्रमको रोजगारलाई कानूनद्वारा निषेध गरिनु अथवा दण्डनीय बनाइनु पर्दछ । (आइसीसीइससीआर: १०:१) बाँदा वा दास बनाई कसैलाई राखिने छैन; सबै प्रकारको दासत्व र दासव्यापार निषेध गरिनेछ । (यूडीएचआर: ४)
राज्यपक्षहरुले नारीको सबै प्रकारको बेचविखन र नारीलाई बेश्यावृत्तिमा लगाई गरिने शोषण अन्त्य गर्न कानूनी समेतका सबै उचित उपायहरु वलम्बन गर्नेछन् । (सीइएडीडब्लु: ६)

राज्यपक्षहरुले बालबालिकाहरुलाई सबै खालको यौन शोषण र यौन दुर्व्यवहारबाट संरक्षण गर्न प्रतिज्ञा गर्छन् । यस्ता उद्देश्यका निम्ति राज्यपक्षहरुले निम्न कुराहरुलाई पूर्वरोक लगाउन उचित सबै राष्ट्रिय, द्विपक्षीय र वहुपक्षीय उपायहरु गर्नेछन् :

- कुनै प्रकारको अकानूनी यौन कार्यहरुमा बालबालिकाहरुलाई संलग्न गराउनका लागि तिनलाई प्रलोभन वा दवाव दिने;

- वेश्यावृत्ति र अन्य अकानूनी यौन कार्यहरुमा बालबालिकाहरुलाई शोषणयुक्त गर्ने;
- अश्लील चित्रणको कार्यमा वा पत्रपत्रिकाहरुमा बालबालिकाहरुलाई शोषणयुक्त प्रयोग गर्ने ।
  (सीआरीः ३४)

बालबालिकाको कल्याणका कुनै पक्षलाई दुराग्रह पार्ने सबै प्रकारका शोषण विरुद्ध राज्यपक्षले बालबालिकालाई संरक्षण गर्नेछन् । (सीआरीः ३६)

शोषण विरुद्धको हकः मानिसलाई बेच-बिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरुद्ध काम गराउन निषेध गरिएको छ । त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ । तर सार्वजनिक प्रयोजनका लागि कानूनद्वारा अनिवार्य सेवाको व्यवस्था गर्न बाधा पर्ने छैन । नावालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाइने छैन । (नेअसंः २०)

**ञ. खास समूह वा क्षेत्रमा रहेका व्यक्तिहरुको विशेष अधिकार :**

ग्रामिण नारीले भोग्नु परेको खास समस्याहरु र महत्वपूर्ण भूमिका जुन अर्थतन्त्रको गैह्र मौद्रिक क्षेत्रमा तिनको कार्य समेत आफ्ना परिवारहरुको जीवन आर्थिक रुपले धान्न ग्रामिण नारीहरुले निर्वाह गर्ने महत्वपूर्ण भूमिकालाई राज्यपक्षले दृष्टिगत गर्नेछन् र ग्रामिण क्षेत्रका नारीहरुलाई यस महासन्धिका व्यवस्थाहरुको क्रियान्वयनलाई सुनिश्चित गर्न सबै उचित उपायहरु अपनाउनेछन् । पुरुष र नारीको समानताका आधारमा ग्रामिण विकासमा तिनीहरुले भाग लिन्छन् र फाइदा लिन्छन् भन्ने कुरालाई सुनिश्चित गर्ने क्रममा ग्रामिण क्षेत्रमा हुने नारी विरुद्धको भेदलाई निर्मूलन गर्न राज्यपक्षले सबै उचित उपायहरु अपनाउनेछन् र खासगरी यस्ता नारीलाई निम्न अधिकार सुनिश्चित गर्नेछन् ।

सबै तहमा विकास आयोजनाको विस्तार र कार्यान्वयनमा भाग लिने; परिवार नियोजन बारे सूचना, उपदेश र सेवा समेत पर्याप्त स्वास्थ्य हेरचाह सुविधाप्रतिको पहुँच; सामाजिक सुरक्षा कार्यक्रमहरुबाट प्रत्यक्ष लाभ लिने; तिनको प्राविधिक दक्षता अभिवृद्धि गर्ने क्रममा कार्यमूलक साक्षरताका साथै अन्य कुराका अतिरिक्त सबै सामुदायिक र विस्तार सेवाबाट फाइदा लिने समेतका औपचारिक र अनौपचारिक सबै प्रकारका शिक्षा र तालीम प्राप्त गर्ने; रोजगारी वा स्वरोजगारी मार्फत आर्थिक अवसरप्रति समान पहुँच प्राप्त गर्ने क्रममा आत्मसहयोगी समूह र साझा गठन गर्ने; सबै सामुदायिक क्रियाकलापमा भाग लिने; कृषि कर्जा र ऋण, बजार सुविधा, उपयुक्त प्रविधि र भूमिका समान उपचार र कृषिजन्य सुधारका साथै भूमि पुनर्बास योजनाप्रतिको पहुँच प्राप्त गर्ने; खासगरी बास, स्वास्थ्य विद्युत र पानी आपूर्ति, यातायात र सञ्चारका सम्बन्धमा उपयुक्त बसाइको अवस्थाको उपभोग गर्ने । (सीइएडीडब्लूः १४)

जातीय, धार्मिक अथवा भाषिक अल्पसंख्यक भएका राज्यमा यस्ता अल्पसंख्याका मानिसलाई आफ्ना समूहका समुदायसँग आफ्नो सँस्कृति उपभोग गर्ने, आफ्नो धर्मको प्रचार तथा अभ्यास गर्ने अथवा आफ्नो भाषा उपयोग गर्ने अधिकारलाई नकारिनेछैन । (आइसीसीपीआर :२७)

**ट. सामाजिक सुरक्षाको अधिकार :**

समाजको सदस्यका रुपमा प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार छ तथा निजलाई आफ्नो सम्मान एवं व्यक्तित्वको स्वतन्त्र विकासको निमित्त आवश्यक आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरु राष्ट्रिय प्रयास एवं अन्तर्राष्ट्रिय सहयोग तथा प्रत्येक राज्यको संगठन र सम्पदा अनुरुप उपभोग गराइनेछ । ( यूडीएचआर :२२)

खाद्यान्न, कपडा, आवास तथा चिकित्सागत सेवा एवं आवश्यक सामाजिक सेवाहरु तथा बेरोजगारी, बिरामी, असमर्थता, विधवावस्था, बृद्धावस्था अथवा आफ्नो नियन्त्रणभन्दा बाहिरको परिस्थितिमा जीवन धान्ने उपायको अभावमा सुरक्षाको अधिकारसमेत प्रत्येक व्यक्तिको आफू र आफ्नो परिवारको स्वास्थ्य एवं कल्याणका लागि पर्याप्त जीवनस्तरको अधिकार छ ।

मातृत्व तथा शैशवावस्थामा भएकाहरुलाई विशेष हेरचाह एवं सहयोग प्राप्त गराइनेछ । विवाह भई अथवा नभई जन्मेका सबै शिशुहरुले समान सामाजिक संरक्षण उपभोग गर्न पाउनेछन् । (यूडीएचआरः२५)

यस अनुबन्धका राज्यपक्ष प्रत्येक व्यक्तिको सामाजिक बीमा समेत सामाजिक सुरक्षाको अधिकार स्वीकार गर्दछन् । ( आइसीइएससीआरः ९)

राज्यपक्षहरुले सामाजिक बीमा लगायत सामाजिक सुरक्षा सम्बन्धी सुविधाबाट लाभ उठाउन पाउने प्रत्येक बालबालिकाको अधिकारलाई स्वीकार गर्नेछन् र आ-आफ्नो राष्ट्रिय कानून बमोजिम यस अधिकारको पूर्ण प्राप्तितर्फ आवश्यक सबै कदमहरु चाल्नेछन् ।

यस्ता सुविधाहरु बालबालिकाको र तिनको पालनपोषणको लागि उत्तरदायी व्यक्तिहरुको स्रोत र परिस्थितिका साथै सुविधाको लागि बालबालिकाले वा तिनकातर्फबाट गरिएको आवेदनसँग सम्बन्धित अन्य कुरालाई समेत ध्यानमा राखेर औचित्यको आधारमा प्रदान गरिनु पर्नेछ । (सीआरसीः २६)

**ठ. कृषिमा अनुदान र कृषकका अधिकार**

कृषकहरुलाई कृषिमा अनुदान प्राप्त गर्ने अधिकार रहेको छ । खासगरी आर्थिक विपन्नताको मारमा परेका भूमिहिन कृषिक कामदार र सिमान्त कृषकहरुको जिविकाको अधिकारलाई सुनिश्चित गरिनु पर्दछ । कृषिमा अनुदानको अधिकार भित्र कृषी कर्जाको सहुलियत, कृषि तथा उपकरण सहुलियत र ऋणको अधिकार समेत पर्दछ । कृषिजन्य उद्यम र घरेलु तथा साना उद्योगको सञ्चालनमा पुँजी, विजुली, ढुवानी तथा अनुसन्धान र विकासमा निश्चित अनुदान पाउने अधिकार छ । आर्कोतर्फ, रासायनिक मल, विउ र प्रविधिका बारेमा प्रर्याप्त सूचना प्राप्त गर्ने कृषकको अधिकार हो । रासायनिक मल र बैज्ञानिक वा **'विकासे'** भनिएको विउका फाइदा र वेफाइदाका बारेमा छलफल गर्ने, सूचना प्राप्त गर्ने अधिकार पनि कृषकको अधिकार हो ।

कृषि उपयोगका लागि प्रत्येक कृषकलाई भूमिको स्वामित्व प्राप्त गर्ने अधिकार छ । र, यो कृषकको आधारभूत मौलिक अधिकार हो । प्रभावकारी भूमिसुधार सेवाहरु प्राप्त गर्ने अधिकार र कृषकले आफ्नो उत्पादकत्व बढाउने र लगानीलाई प्रवर्द्धन गर्ने अवसरको अधिकारलाई दावि गर्नु पर्दछ। स्थानिय खाद्य उत्पादनका साधन र स्रोतमा नियन्त्रण सहित स्थानिय प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन र प्रयोग स्थानिय कृषकको अधिकार हो । सबै कृषकहरुलाई आफ्नो कृषि व्यवसायको विकास गर्ने अधिकार छ ।

यस अन्तर्गत मल, विउ, उपकरणमा सहुलियत(छुट) र अनुदान पाउने अधिकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा कृषि व्यापार विस्तार गर्ने अधिकार, र यो सबै कार्यगर्न आवश्यक नीति तथा कार्यक्रम बनाउनु सरकारलाई दवाव दिन पाउने अधिकार कृषकहरुका हक हितका लागि संगठित हुने र अभियानहरु सञ्चालन गर्ने अधिकार आफ्नो व्यवसायको प्रवर्द्धन र विकास गर्ने आदि कृषकका अधिकार हुन् ।

**ड. खाद्य सुरक्षा र खाद्य सार्वभौमिकताको अधिकार**

खाद्यान्नको अधिकार मानिसको मौलिक अधिकार हो । खाद्यान्न सुरक्षा सबैलाई र सँधैलाई सुनिश्चित गरिनुपर्दछ । खाद्य सुरक्षाका लागि उत्पादनका साधन र स्रोतमा जनताको सार्वभौम अधिकार रहेको छ । प्रत्येक व्यक्तिलाई कुनै पनि समयमा जीवनलाई स्वस्थ र क्रियाशिल बनाई राख्न सुरक्षित र पोषणयुक्त खाद्यान्नमा पहुँच स्थापित भएको अवस्थाको अनुभूति गर्ने अधिकार छ । पोषणको दृष्टिकोणबाट प्रतिदिन एक व्यक्तिलाई न्यूनतम २३०० किलो क्यालोरीको आवश्यकता पर्दछ र यो क्यालोरी बराबरको 'खाना' प्राप्त गर्नु उसको अधिकार हो । दिगो खाद्य सुरक्षाको अधिकारसँगै शान्ति र स्थिर वातावरणमा बाँच्न पाउने अधिकार पनि पर्दछ ।

प्राविधिक अथवा बैज्ञानिक ज्ञानको पूर्ण उपयोगबाट पोषणसिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक सम्पदामा साह्रै प्रभावकारी विकास तथा उपयोग प्राप्त गर्ने किसिमबाट कृषि व्यवस्थाको विकास अथवा सुधार गरी खाद्यान्नको उत्पादन, संचय एवं वितरणको तरिकामा सुधार गर्ने ।

खाद्यान्न आयात तथा निर्यातकर्ता देश दुबैका समस्यामा ध्यान दिँदै आवश्यकता हेरी विश्वको खाद्यान्न पूर्तिको समान वितरण सुनिश्चित गर्ने । (आइसीइएससीई :११: कःखः)

स्थानिय परम्परागत उत्पादनका स्रोत साधनका मालिक नेपाली जनताहरु जस्तो भादगाउँको टोपी, पाल्पाको करुवा लोटा, भोजपुर चैनपुरको खुकुरी साथै अदुवा, बेसार, चिरौतो, जस्ता वनस्पति हाम्रा सम्पत्ति हुन् र यस्ता सीप एवं प्राकृतिक स्रोतमा स्थानिय नेपाली जनताको सार्वभोमिकत्वको अधिकार निहित रहेको छ । खाद्य सुरक्षा र खाद्य सार्वभौमिकताको अधिकार आधारभूत मानव अधिकार भित्र पर्दछ र यो अधिकार अन्य मानव अधिकारहरुभन्दा बढि आवश्यक र मौलिक छ । स्थानिय जैविक स्रोतको एकाधिकार स्थानिय जनतामा निहित हुनुपर्दछ । स्थानिय जनताको स्थानिय जैविक विविधतासँगै बाँच्ने र र काम गर्ने आधारभूत अधिकार हो ।

**स्थानिय जनताको खाद्य सार्वभौमिकत्वको आधारभूत अधिकार निम्न छन्:**

- स्थानिय श्रोत साधनमाथि स्थानिय जनताको स्वामित्वको अधिकार
- खाद्य उत्पादकहरुको खाद्य उत्पादनका साधनहरु माथिको स्वामित्वको अधिकार
- स्थानिय जैविक विविधताको सम्पत्ति माथि स्थानिय संरक्षणकर्ताहरुको स्वामित्वको अधिकार
- खाद्य र खाद्य प्रकार माथि परम्परागत संस्कृति, स्वाद र सन्तुष्ठी माथि स्थानिय समूहको स्वामित्वको अधिकार
- खाद्य उत्पादनका साधनमाथि सामूहिक स्वामित्वको हक अधिकार

**ढ. पुँजी, लगानी र बजारमा पहुँचको अधिकार**

खासगरी जोखिमपूर्ण समूह वा सिमान्तकृत जनताहरुको राज्यमा स्थित पुँजी, लगानी र बजारमा पहुँचको आधारभूत अधिकारद्वारा नै दिगो जीविकालाई प्रत्याभूत गर्न सकिन्छ । यसर्थ गरीव तथा सिमान्तकृत जनताहरुको पुँजी, लगानी र बजारमा पहुँचको अधिकार दिगो जीविकाको लागि आधारभूत अधिकार हो । राज्यका पुँजीका श्रोतहरु र वित्तिय संस्थानहरुबाट सर्वसुलभ सेवाहरु प्राप्त गर्ने प्रत्येक गरीव जनताका आधारभूत अधिकार हुन् । निरपेक्ष गरीवीको रेखामुनी रहेका जनताहरुको गरीवीबाट मुक्तिको अधिकार महत्वपूर्ण अधिकार हो । यसका लागि पुँजी लगानी र बजारमा पहुँचको अधिकारलाई सुनिश्चित गर्न र गराउन गरीव समुदायद्वारा संगठित अभियान र दवावमूलक कृयाकपहरु सञ्चालन गर्ने अधिकार समेत यसभित्र पर्दछ ।

वित्तिय कारोवार तथा पुँजीको लगानी गर्न खुलेका वित्तिय संस्थानहरुका सेवाहरुलाई गरीवहरुले समानुपातीकताको सिद्धान्त अनुसार प्राप्त गर्नुपर्दछ । राज्यद्वारा लगानी गरिने प्रत्येक क्षेत्र वा विषयवस्तुबाट लाभ प्राप्त गर्ने सबै गरीव जनताहरुको अधिकार हो । महिला, दलित, आदिवासी, जनजाती र सिमान्तकृत समुहहरुले समानुपातीक रुपमा राज्यको पुँजी र लगानीको संयन्त्र र राष्ट्रिय अन्तर्राष्ट्रिय बजारमा सहज पहुँचको अवसर पाउनु पर्दछ । र, यसलाई अधिकारको रुपमा राज्यद्वारानै संरक्षित र प्रोत्साहित गरिनुपर्दछ । ता कि राज्यको सामूहिक पुँजी, लगानीका संयन्त्रहरु (बैंक तथा वित्तिय संस्थान) र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजारमा पहुँचको अधिकारलाई प्रत्याभूत गर्न सकियोस् । त्यसैले, राज्यद्वारा वितरित क्षेत्रमा समानुपातिक पहुँचको अवसरलाई र अधिकारलाई राज्यद्वारा संरक्षित गरिनु पर्दछ । न्यायोचित सामाजिक प्रणाली अन्तर्गत जोखिमपूर्ण वा सिमान्तकृत नागरिकहरुको पुँजी, लगानी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहुँचको अवसर र अधिकारको संरक्षण र सम्बर्धनका लागि आवाज उठाउन पाउनु प्रत्येक नागरिकको आधारभूत अधिकार हो ।